सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक ३५२ ♦ २०८२ साल साउन २१ गते बुधवार ♦ 6 Aug 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## बर्दिवासमा डाइभर्सन बगाएर अवरुद्ध पूर्वपश्चिम राजमार्ग ६ घण्टा पछि सञ्चालन





**खबर दर्पण समाचारदाता**

**साउन २० गते, बर्दिवास**

सोमबार रातीदेखि परेको अविरल वर्षाका कारण बर्दीबास-५ स्थित पूर्वपश्चिम लोकमार्गको लचका बगाउँदा मङ्गलबार बिहानदेखि अवरुद्ध पूर्वपश्चिम राजमार्ग सञ्चालनमा आएको छ । जङ्गली क्षेत्रबाट तीव्र गतिमा आएको वर्षे भलले बिहान पौने ८ बजेदेखि लोकमार्ग अवरुद्ध भएको इलाका प्रहरीका डिएसपी विकास बमले जनाउनुभयो ।
वर्षे भलले करिब ३० फिट सडक कटान गर्नुका साथै लचकामा रहेको ह्युमपाइप समेत बगाएपछि दुईतर्फी आवागमन ठप्प भएको थियो ।
बर्दीबास-५ स्थित जंगली क्षेत्रबाट तीव्र गतिमा आएको बर्षे भलका कारणपुल निर्माण भइरहेको स्थानमा बनाएको डाइभर्सन अविरल वर्षका कारण बगेपछि मंगलबार बिहानदेखि अवरुद्ध राजमार्गमा अपराह्नदेखि सञ्चालन भएको जिल्ला ट्राफिक महोत्तरीका प्रमुख प्रहरी निरीक्षक लक्ष्मीराज जोशीले बताए ।
बाटो अवरुद्ध हुँदा सयौं सवारी साधानको यात्रुहरु जङ्गली क्षेत्रमा अलपत्रमा परेका थिए ।
पानीको बहाव तत्काल कम हुने अवस्था नदेखेपछि हतारमा रहेका कतिपय सवारी गौशाला रोड हुँदै करिब ४० किलोमिटर घुमाउरो बाटो भएर पूर्वपश्चिम लोकमार्गको लक्ष्मिनियाँ चोकबाट गन्तव्यतर्फ गएको इलाका प्रहरी बर्दीबासका डीएसपी विकाश बमले बताए ।
कटान क्षेत्र नजिकै निर्माणाधीन कल्भर्टका ठेकेदार चाइनिज ठेकेदार शान्ति तथा रसुवागढी ज्वाइन्ट भेन्चरले हतारमा रहेका पैदल यात्रुलाई डोजरमा बोकेर सडक वारपार गराएका थिए।
ठेकेदार कम्पनी एसडब्ल्यूइजी र रसुवागढी ज्वाईन्ट भेन्चरको सहयोगमा करिब ६ घण्टापछि सडक खुलेको प्रहरीले जनाएको छ ।

## महोत्तरीमा १ हजारभन्दा बढी घरधुरीलाई लालपुर्जा वितरण

**खबर दर्पण समाचारदाता**

**साउन २० गते, बर्दिवास**

महोत्तरी जिल्लामा लामो समयदेखि प्रतीक्षित लालपुर्जा (जग्गाधनी प्रमाण-पत्र) वितरण अभियान तीव्र बनेको छ। चालु आर्थिक वर्षको अन्त्यसम्म जिल्लाका १ हजारभन्दा बढी घरपरिवारले आफ्नो नाममा लालपुर्जा प्राप्त गरेका छन् ।
नापी कार्यालय महोत्तरीले असार महिनाभरि विशेष अभियान चलाउँदै वितरण प्रक्रिया तीव्र बनाएको हो। कार्यालयका प्रमुख नापी अधिकृत रामविनयकुमार सिंहका अनुसार चालु आर्थिक वर्षमा १५ वटा पूर्व गाविस क्षेत्रमा लालपुर्जा वितरण गर्ने लक्ष्य लिइएकोमा हालसम्म १२ वटामा काम सम्पन्न भइसकेको छ भने बाँकी ३ वटामा असार मसान्तभित्रै वितरण गरिनेछ ।
जिल्लाको रामनगर, भरतपुर, बर्दिवास, वैरगिया-लक्ष्मीनिया, सरपल्लो, पडौल, बेलगाछी, फुलहट्टा, परिकौली लगायतका क्षेत्रमा पहिले नै वितरण सम्पन्न भइसकेको छ। पछिल्ला दिनमा पिगौना (जलेश्वर-१२), महोत्तरी गाउँपालिका-१ र २, बलवा नगरपालिका-१० धमौरा बस्तीमा वितरण

*बाँकी पृष्ठ २ मा*



शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिूय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,

✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प

✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल

साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# बमजनलाई सफाइ दिने उच्चको फैसला : पुनरावेदनमा जाने महान्यायाधिवक्ता कार्यालयको निर्णय

**खबर दर्पण समाचारदाता**

**साउन २० गते, बर्दिवास**

तपश्वीको भेष धारण गरेका रामबहादुर बमजनलाई सफाइ दिने उच्च अदालत जनकपुरको फैसलाविरूद्ध महान्यायाधिवक्ता कार्यालयले पुनरावेदन गर्ने भएको छ ।

महान्यायाधिवक्ता कार्यालयले सर्वोच्च अदालतमा पुनरावेदन दिने तयारी थालेको जनाएको छ। उच्च अदालत जनकपुरका न्यायाधीश नरिश्वर भण्डारी र खेमराज भट्टको इजलासले चैत ६ गते बमजनलाई बाल यौन दुरूपयोग गरेको अभियोगमा सफाइ दिएको थियो। सर्लाही जिल्ला अदालतका न्यायाधीश जीवनकुमार भण्डारीको इजलासले २०८१ असार १७ गते १० वर्ष कैद सजाय र बालिकालाई ५ लाख रुपैयाँ क्षतिपूर्तिको फैसला गरेका थिए। सो फैसलालाई उच्च अदालत जनकपुरका न्यायाधीशहरूले उल्ट्याउँदै सफाइ दिएका थिए ।

उच्च अदालतले गरेको फैसलाको पूर्णपाठ सार्वजनिक भएपछि उच्च सरकारी वकिलको कार्यालय जनकपुरमार्फत पुनरावेदनका लागि महान्यायाधिवक्ता कार्यालयमा पत्राचार गरेको थियो । साउन ७ गते नै सो फैसलाको पुनरावेदनमा जाने निर्णय भएको महान्यायाधिवक्ता कार्यालयका प्रवक्ता तथा सहन्यायाधिवक्ता उद्धवप्रसाद पुडासैनीले जानकारी दिए ।

उनले भने, ‘साउन ७ गते उच्च अदालतले गरेको फैसला त्रुटिपूर्ण भएको हुँदा बदर गरिपाऊँ भनेर र अभियोगको दाबीअनुसार सजाय गरिपाऊँ भनेर सर्वोच्च अदालतमा पुनरावेदन गर्ने भनेर निर्णय भएको छ, जिल्ला अदालतले १० वर्ष कैद र ५ लाख क्षतिपूर्ति सुनायो तर उच्च अदालतले अभियोगपत्र नै खारेज हुने फैसला गऱ्यो। हदम्याद नाघेको हुँदा अभियोग पत्र नै खारेज हुने भनिदियो ।

हदम्याद नै नाघिसकेको भनेर उच्च अदालत जनकपुरले फैसला गरेपछि महान्यायाधिवक्ता कार्यालयले बालबालिकासम्बन्धी ऐन २०७५मा भएको व्यवस्था देखाउन लागेको छ। सो कानुनको दफा ७४ मा हदम्याद सम्बन्धी व्यवस्था छ। त्यसको उपदफा २ मा ‘बालबालिका विरूद्धको कसुर को सम्बन्धमा मुद्दा दायर गर्ने हदम्याद त्यस्तो बालबालिका १८ वर्ष पूरा भएको मितिले एक वर्षसम्म कायम रहनेछ’ भनिएको छ ।

यस घटनामा पीडित गंगामाया १३ वर्षकी हुँदा रौतहटबाट बमजनको आश्रममा गएकी थिइन् । २०७३ साउन २० गतेको राति आश्रममा गंगामायामाथि बमजनले बलात्कार गरेको अभियोग थियो। दुई वर्षपछि २०७५ साल भदौँमा गंगामाया काठमाण्डु आएर सो घटना सार्वजनिक गरेकी थिइन्। पत्रकार सम्मेलनपछि उनी महानगरीय अपराध अनुसन्धान महाशाखा ( अहिले काठमाण्डु उपत्यका अपराध अनुसन्धान कार्यालय) गएकी थिइन् ।

प्रहरीले हदम्याद गुज्रिएको भनेर उजुरी लिएन। त्यतिखेर बलात्कार मुद्दामा ६ महिनाभित्र दर्ता गरि सक्नुपर्ने हदम्याद थियो । त्यसको दुई दिनपछि मात्रै बालबालिकासम्बन्धी ऐन प्रमाणीकरण भएको थियो । त्यही कानुनलाई टेकेर बमजनविरूद्ध अभियोग तयार भएको थियो । महान्यायाधिवक्ता कार्यालय सर्वोच्च अदालतको निर्णय नम्बर ७४३२ को नजिरलाई आधार बनाएको सहन्यायाधिवक्ता पुडासैनीले बताए ।

उनले भने, ‘कसुर गर्दाको अवस्थामा नै कसुर मानिएको कार्यलाई पछाडिको कानुनले पनि कसुर मानेकोमा अनुसन्धान कार्यविधिको हकमा पछिल्लोको कानुन अनुसरण गरेको कार्यले अभियुक्तको फौजदारी दायित्वमा



प्रतिकूल असर परेको नरहने,’ उत्तम लामाविरूद्ध नेपाल सरकार भएको मुद्दामा भनिएको छ।सर्वोच्च अदालतको निर्णय नम्बर ७४३२ को मुद्दामा चरिमायालाई २०४३ साल साउनमा खाइबा स्याङतान र उत्तम स्याङतान (लामा) ले भारतको मुम्बइमा लगेर वेश्यावृत्तिमा लगाउन ३५ हजार रूपैयाँमा बेचेका थिए ।

१२ वर्षपछि चरिमाया नेपाल फर्किइन् अनि खाइबा र उत्तमविरूद्ध मुद्दा दिइन् । मकवानपुर जिल्ला अदालत र हेटौंडा पुनरावेदन अदालतले दुवैलाई दोषी ठहर गरी सजाय सुनाए । सर्वोच्च अदालतमा पुनरावेदन गर्दै उत्तमले घटना हुनुभन्दा पछि बनेको कानुनको हद म्याद अनुसार परेको जाहेरी र अभियोगपत्र नै खारेज हुनुपर्ने माग गरे । गंगामायाले पत्रकार सम्मेलन गरी बमजनले गरेको बलात्कार घटना सार्वजनिक गरेको थियो ।

त्यसलगत्तै बेपत्ता आनीहरू रिता वोट, कर्मा तामाङ (चुनमाया) र मकवानपुरकी फूलमाया रूम्बाका आमाबुबाले उजुरी दिए। प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो ( सिआइबीले) छानबिन सुरू गरी मुद्दा लगेको थियो । त्यसपछि बमजन आश्रमबाट फरार थिए । पछि प्रहरीले बमजनको बुढानीलकण्ठ निवासबाटै २०८० पुस २४ गते पक्राउ गरेको थियो ।

प्रहरीले उनलाई पक्राउ गर्दा विभिन्न १७ वटा देशका ३० लाख ९२ हजार ४०६ रुपैयाँ बराबरका मुद्रा र ३ करोड ३४ लाख नेपाली रुपैयाँसमेत बरामद भएको थियो ।

# महोत्तरीमा १ हजारभन्दा बढी....

कार्यक्रम सम्पन्न गरिएको छ । पिगौनामा आयोजित कार्यक्रममा जलेश्वर नगरप्रमुख सुरेश साह सोनारको उपस्थितिमा १६० घरधुरीलाई लालपुर्जा हस्तान्तरण गरिएको थियो। उनले दशकौंको पर्खाइ समाप्त भई नागरिकमा कानुनी सुरक्षा र आत्मविश्वास बढेको धारणा राखे ।

त्यसैगरी, महोत्तरी गाउँपालिका-१ का २४९ र वडा नं. २ का १४८ जग्गाधनीलाई गाउँपालिका अध्यक्ष दिलीप पाण्डेयले लालपुर्जा हस्तान्तरण गरे । उनले वि.सं. २०६९ सालदेखि रोकिएको अभिलेखिकरण प्रक्रिया अन्ततः तीन दशकपछि टुंगोमा पुगेको बताए ।

बलवा-१० धमौरामा १६० घरधुरीले लालपुर्जा प्राप्त गरे। नगर प्रमुख रामविजय महतोले यसलाई केवल कागजी स्वामित्व नभई गरिबी निवारण र अधिकार प्राप्तिको ठोस आधार भएको उल्लेख गरे ।

नापी टोली प्रमुख सर्फुदिन अन्सारीले लालपुर्जा वितरण प्रक्रिया लामो र सावधानीपूर्ण हुने भएकाले ढिलाइ हुने भए पनि निष्कर्षमा पुग्न लागेको बताए। अब बाँकी रहेका सिमरदही, मझौरा र हत्तिसर्वा क्षेत्रका केही वडामा लालपुर्जा वितरणको तयारी पूरा भएको र १० दिनभित्र वितरण सम्पन्न हुने नापी अधिकृत सिंहले जानकारी दिए ।

स्थानीय सरकार र नापी कार्यालयको समन्वयमा सञ्चालन भइरहेको यो अभियानले नागरिकको दीर्घकालीन भूमि अधिकार सुनिश्चित गर्न सहयोग पुगेको जनाइएको छ ।


**सुरक्षित यात्राका लागि अपनाउनु पर्ने सावधानीहरु**

1. सुरक्षित ठाउँ (जस्तैः बस स्टप) मा मात्र बस, ट्याक्सी तथा टेम्पो चढ्ने वा ओर्लिने गरौं ।
2. सवारी पूर्णतया रोकिएपछि मात्र चढ्ने र ओर्लने गरौं।
3. सवारीको ढोका होशियारी साथ खोलौं, नत्र अरुलाई चोट लाग्न सक्छ ।
4. सवारी चढ्दा वा ओर्लिंदा अरुलाई नधेकेलौं ।
5. चालकको ध्यान नखलबल्याऔं वा उसको नजिक भिंडभाड नगरौं।
6. शरिरको कुनै पनि अंग सवारीबाट बाहिर ननिकालौं । तपाईलाई अरु सवारीले गंभीर घाइते बनाउन सक्छ ।
7. चालकलाई बढी गतिमा सवारी दौडाउन वा खतरनाक तरिकाले चलाउन नउक्साऔं ।
8. सवारीबाट थुकि वा फोहर फाली असभ्य नबनौं।
9. सामान बोक्ने सवारीहरुको पछाडिको भागमा यात्रा नगरौं।
10. पूरा भरिइसकेको सवारीमा नचढौं ।
11. छतमा बसेर यात्रा नगरौ, किनभने भित्र भन्दा बाहिर बढी खतरा हुन्छ ।
12. चालकलाई सुरक्षित र निष्ठापूर्वक चलाउन हौसला दिउँ।
13. चालकले रक्सी खाएको वा खलासी कण्डक्टरले गाडी चलाएको देखेमा त्यसो नगर्न अनुरोध गरौं।
14. यदि तपाईको अनुरोध नमानेमा नजिकैको प्रहरीलाई खबर गरौं ।

**नोटः-** नेपालीहरुको महान पर्व शुभ दीपावली तथा छठ पूजाको शुभ अवसरमा देश तथा विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

**यातायात व्यवस्था कार्यालय जनकपुरधाम**
**धनुषा परिवार**


## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# नेपाली कांग्रेस मधेश प्रदेश पदाधिकारी बैठक सम्पन्न

**खबर दर्पण समाचारदाता**
**साउन २० गते, महेन्द्रनगर**

नेपाली कांग्रेस मधेश प्रदेश कार्यसमितिको पदाधिकारी बैठक सोमबार पार्टीको प्रदेश कार्यालय जनकपुरधाममा सम्पन्न भएको छ ।




बैठकमा मधेश प्रदेश कार्यसमितिका पदाधिकारी, विभिन्न जिल्लाका सभापति तथा उपसभापति साथै प्रशिक्षण विभागका पदाधिकारी र सदस्यको उपस्थिति रहेको थियो । बैठकमा पार्टी सङ्गठन सुदृढीकरण, आगामी गतिविधि योजना, प्रशिक्षण कार्यक्रमको प्रभावकारिता, स्थानीयस्तरमा पार्टीको भूमिका र समसामयिक राजनीतिक अवस्थालगायतका विषयमा छलफल भएको जनाइएको छ ।

पार्टीको आन्तरिक सुदृढीकरण, नेतृत्वदायी भूमिकाको सशक्तता र सङ्गठनात्मक कार्यशैलीलाई अझ प्रभावकारी बनाउन जिल्लास्तरीय प्रशिक्षण कार्यक्रम सञ्चालनसम्बन्धी उक्त बैठकमा छलफल भएको कांग्रेस मधेश प्रदेशका प्रमुख सचिव सन्तु यादवले जानकारी दिनुभयो ।

बैठकको अध्यक्षता मधेशका कांग्रेस सभापति कृष्णप्रसाद यादवले गर्नुभएको थियो भने सो बैठकमा प्रदेशका आठ वटै जिल्लाका सभापति, प्रशिक्षण विभागका पदाधिकारीको उपस्थिति रहेको थियो ।

# उखुमा अनुदान कटौतीप्रति आक्रोशित किसान आन्दोलनमा



**खबर दर्पण समाचारदाता**
**साउन २० गते, बर्दिवास**

सरकारले उखुमा दिँदै आएको अनुदान रकम कटौती गरेपछि तर ई-मधेशका १३ जिल्लाका उखु किसानहरू आन्दोलित भएका छन् ।

अनुदान कटौतीको निर्णयले झन् आर्थिक संकटमा परेका किसानले पुरानै दर कायम गर्न माग गर्दै चरणबद्ध आन्दोलनको घोषणा गरेका हुन् ।

नेपाल उखु उत्पादक महासंघका अनुसार, देशभरका किसानले चिनी उद्योगलाई दिएको उखुबापत करिब १ अर्ब ६० करोड रुपैयाँ बराबरको अनुदान रकम सरकारले अझै भुक्तानी गर्न बाँकी छ । तर, बजेट अभाव देखाउँदै सरकारले नयाँ आर्थिक वर्ष २०८१/८२ का लागि अनुदान रकम ५० प्रतिशतले घटाएर प्रतिक्विन्टल ७० रुपैयाँबाट ३५ रुपैयाँमा झारेको छ । उखु किसानहरूले अनुदान पुरानै दरमा कायम गरिनुपर्ने माग गरेका छन् । उनीहरूका अनुसार, उखु उत्पादनमा लागत बढ्दो छ । तर, सरकारले राहत दिनुपर्ने बेलामा उल्टै अनुदान कटौती गर्नु न्याय विपरीत हो ।

पहिले सरकारले उखुको प्रतिक्विन्टल मूल्य ६५५ रुपैयाँ तोकेको थियो । त्यसमा ५८५ रुपैयाँ चिनी उद्योगले तिर्ने र ७० रुपैयाँ सरकारले अनुदान दिने व्यवस्था थियो । अहिले त्यो रकम घटाएर ३५ रुपैयाँ बनाइएको छ । यो किसानले अस्वीकार गरेका छन् । नेपाल उखु उत्पादक महासंघ लुम्बिनी प्रदेश समितिका संयोजक उमेशचन्द्र यादवले पहिलो चरणमा १३ जिल्लाका प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई मागपत्र बुझाएर ध्यानाकर्षण गराइएको जानकारी दिए ।

दोस्रो चरणमा साउन २० गते चिनी उद्योगको गेट अगाडि टायर बालेर प्रदर्शन गरिने छ । माग पूरा नभए भदौ ८ गतेदेखि काठमाडौंको माइतीघर मण्डलामा धर्ना र विरोध प्रदर्शन हुने कार्यक्रम तय गरिएको छ ।

'उखु उत्पादन तराई-मधेशको जीवन र अर्थतन्त्रसँग जोडिएको छ,' संयोजक यादवले भने, 'तर, सरकारले किसानको पसिना र पीडालाई सम्मान गर्न सक्ने स्थितिमा छैन भन्ने देखियो ।'

किसानहरूको यो आन्दोलन सर्लाही, महोत्तरी, रौतहट, बारा, पर्सा, सिरहा, धनुषा, नवलपरासी, कपिलवस्तु, रुपन्देही, कैलाली, कञ्चनपुर र बाँके जिल्लाका उखु उत्पादक किसानहरूको सहभागितामा सञ्चालन हुनेछ ।

किसानहरूले सरकारले आफूहरुको आवाज नसुने र अनुदान रकम पुरानै दरमा नफर्काएको खण्डमा आन्दोलन काठमाडौं केन्द्रित हुने चेतावनी दिएका छन् । सरकारले बेवास्ता गरिरहेमा उखु उत्पादन नै बन्द गर्ने स्थिति आउने उनीहरुको भनाइ छ ।


भुसंरक्षण गरौं ।

**भू-संरक्षणका उपायहरू:**
- गोरेटो बाटो बनाउँदा सिढी बनाऔं,
- खेती गर्दा गहरा बनाइ गरौं,
- भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटविरुवा रोपौं,
- बिना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,
- सकेसम्म माटोमा रासायनिक मलको प्रयोग नगरौं,
- पानी संरक्षणका उपायहरू अपनाऔं,
- स्थानीय जैविक खेती, कृषि वन विधि अपनाऔं ।

**"माटो बचाऔं, भविष्य जोगाऔं ।"**

भंगहा नगरपालिका, महोत्तरी



बाढी र पहिरोबाट सचेत होऔं ।

**बाढी र पहिरो आउनुअघि:**
- स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,
- खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,
- घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं,
- आपतकालीन झोला (प्राथमिक उपचार सामग्री, टर्चलाइट, खानेकुरा, लुगाफाटालगायत) तयार राखौं,
- जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकता दिऔं ।

**बाढी र पहिरो आएमा:**
- अनावश्यक हिडडुल नगरौं,
- सुरक्षित स्थानतर्फ जाऔं,
- बिजुलीका लाइन वा पोलहरूबाट टाढा रहौं,
- खोलानाला सुरक्षित तवरले पार गरौं,
- अफवाह नफैलाऔं, सत्य सूचना मात्र आदान–प्रदान गरौं,
- घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं ।

मटिहानी नगरपालिका, महोत्तरी



चट्याङबाट बच्न निम्न उपाय अपनाऔं ।

**घरबाहिर हुँदा**
- आकाशमा बिजुली चम्किदा, गडयाङगुडुङ्ग हुँदा घरभित्र जाऔं,
- नजिकै घर नभए ओतमा बसौं,
- रुख वा बिजुलीको पोलमुनि नबसौं,
- छाता नओढौं,
- खेतबारीमा काम नगरौं,
- कुनै ओत नभए दुबै हातलाई टाउकोमाथि राखी निहुरिएर कुर्कुच्चा जोडी थुचुक्क बसौं,
- भुँइमा लम्पसार परेर नसुतौं ।

**घरभित्र हुँदा**
- टिभी र कम्प्युटरजस्ता बिजुलीबाट चल्ने उपकरण नचलाऔं, बिजुलीका स्वीच अफ गरौं,
- त्यस्ता उपकरण बिजुलीको प्लगबाट छुटाऔं,
- तारवाला फोन प्रयोग नगरौं, मोवाइल स्वीच अफ गरौं,
- नुहाउने, लुगा धुने वा भाँडा माझ्ने काम नगरौं,
- झ्याल, भ्याङ, बरन्डालगायतका ग्रिल र बार नछोऔं,
- भित्ता वा झ्यालमा अडेस लागेर नबसौं ।

औरही नगरपालिका, महोत्तरी



**जानकी एकेडेमीक हस्पिटल प्रा.लि.**

Hot line number
९८५४०२१३९५, ९७४८४५७४९०

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**मधेस प्रदेश मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# नगराईन नगरपालिकामा मेयर र उपमेयर विवाद : नगरसभा नहुँदा सम्पूर्ण कामकाज प्रभावित

**खबर दर्पण समाचारदाता**

**साउन २० गते, बर्दिवास**




मेयर र उपमेयरबीचको विवादले धनुषाको नगराईन नगरपालिका महिनौदेखि ठप्प रहेको छ। ती विवादले गत आर्थिक वर्षको नगरसभा समेत नगरपालिकाले गर्न पाएको छैन। नगरसभा गर्न नपाएका कारण नगरपालिकाको सम्पूर्ण आर्थिक कारोबार ठप्प रहेको छ।

यी समस्याका कारण मेयर विनय यादवको रहेको आरोप उपमेयर राधा देवी यादवले लगाएकी छिन। मंगलवार उनले एक पत्रकार सम्मेलन आयोजना गरी मेयर यादवले आफ्ना निहित स्वार्थका कारण बहुमतको कदर नगरी महिनौदेखि नगरपालिकालाई बन्धक बनाएर राखेको आरोप लगाईन।

हुनत मेयर र उपमेयरबीचको विवाद तिनीहरु कार्यकाल सम्हालेदेखि नै चल्दै आएको गत वर्षपनि विवादकै कारण समयमा नगर सभा हुन सकेको थिए। अन्ततः कात्तिक महिनामा दुवै पक्षबीच सर्वपक्षीय सहमति पश्चात विवाद साम्य भएको थियो। तर सो सहमतिको केही दिनमै पुनः विवाद उत्पन्न भएको हो।

नगराईन नगरपालिकाकी उपमेयर राधादेवी यादवले कांग्रेसबाट निर्वाचित मेयर विनयकुमार यादवले बहुमत कार्यपालिका सदस्यहरुलाई बेवास्ता गरी मनोमानी गरेको आरोप लगाउँदै आफूहरुले बैठक बहिष्कार गरेको बताइन्। उनले मेयरले आफ्नो अधिकारमा समेत हस्तक्षेप गरेको आरोप लगाइन्। उनले विगतमा भएको स्थानीय तह सञ्चालन सम्बन्धी ऐन २०७४ कार्यान्वयन गर्न र अहिलेसम्म मनोमानी ढंगले मेयरले आफ्नो अनुकूल बनाएको कार्यविधि संशोधन गर्ने पछिल्लो सहमति अनुसार कार्यान्वयन नभएसम्म आफूहरुले पालिकाको सम्पूर्ण कामकाज ठप्प पार्ने बताइन्।

उपमेयर राधादेवीले स्थानीय सरकार ऐन सञ्चालन ऐन, २०७६ खारेज गरी स्थानीय सरकार २०७४ लागू नभएसम्म नगर सभा हुन नदिने भन्दै विरोध जनाएपछि अहिलेसम्म नीति तथा कार्यक्रम एवं बजेट सभा समेत हुन सकेको छैन। आन्दोलनका कारण अहिले नगरपालिकाको कामकाज ठप्प छ।

पत्रकार सम्मेलनमा नगराईन नगरपालिकाका उपमेयर राधादेवी यादव, वडा नम्बर ५ का वडाध्यक्ष रामनारायण मुखिया, वडा नम्बर ६ का वडाध्यक्ष ललित साह, वडा नम्बर ८ का वडाध्यक्ष संजय राउत, वडा नम्बर ९ का वडाध्यक्ष प्रमोदकुमार राउत र एमालेबाट निर्वाचित ८ जना कार्यपालिका सदस्यलगायतले पनि कार्यविधि संशोधन सहित प्रमुख प्रशासकीय अधिकृत रामगुलाम कर्णलाई हटाउने माग गरे।

यता मेयर विनय कुमार यादवले नगरसभा गर्नको लागि आफूहरु केही बजेट संचालनसम्बन्धी कार्यविधि संशोधन बाहेक अन्य विभिन्न विषयमा सहमति गर्न सकिने बताए।

उनले विगतमा समेत उपमेयर राधादेवी यादवले करिब नौ महिनासम्म नै नगराईन नगर पालिकालाई बन्धकी बनाएको बताउँदै यसपाली पनि बन्धकी बनाएर नगरको सम्पूर्ण आर्थिक कारोबार ठप्प पार्न खोजेको आरोप लगाए। मंगलवार बस्ने भनिएको कार्यपालिका बैठक नेकपा एमालेबाट निर्वाचित भएका जनप्रतिनिधिहरु सहभागी नभएपछि बैठक स्थगित गरिएको छ।

## पेठीया बजारलाई व्यवस्थित बनाइने

**खबर दर्पण समाचारदाता**

**चैत्र ५ गते, बर्दिवास**

जनकपुरधामको व्यापारिक दृष्टिकोणले महत्वपूर्ण मानिएको पेठीया बजारलाई व्यवस्थित र सुविधा सम्पन्न बनाइने भएको छ। यसकालागि योजनाबद्ध पहल समेत सुरु भई सकेको छ।

पेठिया बजारलाई व्यवस्थित बनाउने योजना अगाडी बढाउन लागिएको समयमा पूर्व उपप्रधानमन्त्री रघुवीर महासेठ र पूर्वमन्त्री जुली महतोले निरिक्षण समेतका गरेका छन्। शहरी विकास मन्त्रालयबाट बजेट विनियोजन गराएर पेठिया बजारलाई व्यवस्थित बनाउने प्रक्रिया अगाडी बढाउने प्रतिबद्धता पूर्वमन्त्री महासेठले व्यक्त गरे।

दुवै नेताले सम्बन्धित प्राविधिक टोलीसहित स्थलगत निरीक्षण गर्दै बजार क्षेत्रको वर्तमान अवस्थाबारे जानकारी लिएका थिए। निरीक्षणको क्रममा बजारको खचाखच भिड, पार्किङको अभाव, नालाको अवस्था, सडक संरचना र सरसफाइ समस्याहरूको प्रत्यक्ष अवलोकन नेताद्वयले गरे।

पूर्व उपप्रधानमन्त्री महासेठले जनकपुरधामको आर्थिक गतिविधिको मुटु मानिने पेठिया बजारलाई योजना अनुसार संरचना निर्माणमार्फत आधुनिकीकरण गर्न आवश्यक रहेको बताए।


## युवा सशक्तिकरण गरौं।

**युवा सशक्तिकरण किनः**

- ❖नेपाली युवालाई सवल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन,
- ❖राज्यका हरेक अंङ्गमा सार्थक सहभागिता सुनिश्चित गर्न,
- ❖स्वस्थ, कर्मठ र उद्यमी युवाअधिकार सुनिश्चित गर्न,
- ❖कर्तव्य प्रति सचेत युवाजनशक्ति निर्माण गर्न,
- ❖समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,
- ❖नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन।

रामगोपालपुर नगरपालिका
महोत्तरी

## बाढी बारे चासो राखौं, चनाखो बनौं

**बाढी र डुबान हुनुपूर्वको तयारी यसरी गरौं:**

- बर्षायाममा सधैं मोबाईलमा पर्याप्त ब्यालेन्स र ब्याट्री राखौं।
- बर्षा र बाढीको अवस्थाबारे टोल फ्री नम्बर ११५५ वा रेडियो-टिभीबाट नियमित जानकारी लिने गरौं।
- प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर मोबाईलमा सेभ गरेर राखौं, सकिन्छ भने कण्ठ पारौं।
- आफ्रो गाउँ-ठाउँ र वडामा सबै मिलेर रबरका डुङ्गा, लाईफ ज्याकेट, डोरी, बाँस र प्राथमिक उपचारका सामाग्रीहरुको जोहो गरेर सुरक्षित राखौं।
- आपत-विपतका लागि अन्न, दाल, नून, तेल र साबुनजस्ता अत्यावश्यक सामग्री घरको सबैभन्दा अग्लो ठाउँमा राखौं।
- फिटकिरी वा पानी सफा गर्ने औषधी घरभित्र अग्लो ठाउँमा झुण्डयाई राखौं।
- नागरिकता, लालपुर्जा, लाईसेन्स, पासपोर्टजस्ता महत्वपूर्ण कागजपत्र, नगद, गरगहना र औषधीजस्ता महत्वपूर्ण सामान प्लाष्टिकले राम्ररी पोको पारेर घरको अग्लो ठाउँमा राखौं।
- घरबाट नजिक रहेको सबैभन्दा अग्लो ठाउँ, चौर, डिल, सार्वजनिक भवनबारे पहिल्यै थाहा पाईराखौं।
- टर्च, डोरी, सिठ्ठी, लौरोजस्ता सामान सजिलै भेटिने ठाउँमा राखौं।
- नदीमा बढेको पानी, ड्याम र तटबन्धको अवस्थाबारे बेला बेलामा जानकारी लिदै गरौं।

विपदबारे चासो राखौं, चनाखो बनौं

गौशाला नगरपालिका, महोत्तरी

## मादक पदार्थ नखाएर यात्रा गर्नुहोस्।

"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"

**यातायात व्यवस्था कार्यालय बर्दिवास, महोत्तरी**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर, धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,